
# ताँजाकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# चाखुरे, हुम्ला

## स्थानीय पूर्वाधार सहयोग कार्यक्रम LISP पाईलट तथा प्रारम्भिक चरणको जानकारी

मिति : २०८०/१०/२४

# ताँजाकोट गाउँपालिकाको सम्बन्धी विवरण




स्रोतः स्थलरुप नक्सा (स्केल १:२५००० /१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्नेः गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

| विवरण | संख्या |
|---|---|
| कुल क्षेत्रफल | १५९.१० वर्ग कि.मी. |
| जम्मा घरधुरी | ११५८ |
| जम्मा जनसंख्या | ६०९२ |
| महिला | ३०८७ |
| पुरुष | ३००५ |
| परिवारको औषत आकार | ५.२६ |
| वार्षिक जनसंख्या वृद्धिदर | ०.२० |
| जनघनत्व | ३८ |
| साक्षरता दर प्रतिशतमा | ५७.५६ |
| आ.व. ०७९/०८० मा LISA/FRA प्राप्ताङ्क | ८८.७५/८६ |

**श्रोत : राष्ट्रिय जनगणाना २०७८ तथा MoFAGA प्रतिवेदन**

# ताँजाकोट गाउँपालिकाको सामान्य जानकारी :

**पालिकामा उपलब्ध विभिन्न योजना, नियमावली, कार्यविधि आदि**

- आवधिक योजना
- वेरोजगार तथा गरिव घरधुरीको विवरण अद्यावधिक गर्ने प्रणाली
- गाँउ पालिका स्तरिय गुनासो सुनुवाइ संयन्त्र
- सार्वजनिक खरिद नियमावली
- उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि
- स्थानिय विपद् तथा जलवायु उत्थानशिल योजना
- स्थानिय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन

पालिकाको जम्मा शाखाहरु १८

जम्मा कर्मचारी: ४५ (पालिकामा कार्यरत मात्र)

पूर्वाधार शाखामा कार्यरत प्राविधिक कर्मचारी: १०


**LISP pilot को प्राविधिक सहयोगमा संस्थागत भएका विभिन्न नीतिगत र प्रक्रियागत व्यवस्था**


- स्थानीय पूर्वाधार विकास आयोजना व्यवस्थापन  निर्देशिका २०७९,
- मर्मत तथा संभार कोष संचालन कार्यविधि २०७९,
- अनुगमन तथा सुपरीवेक्षण चेक लिस्ट २०७९,
- वातावरणीय तथा सामाजिक जोखिम प्रभाव मूल्यांकन दिग्दर्शन २०७९,
- निर्माण पूर्व तथा पश्चात अभिमूखीकरण पुस्तिका (उपभोक्ता समितिलाई),
- गुनासो तथा सुझाव व्यवस्थापन कार्यविधि २०७९,
- टोल विकास संस्थाको गठन तथा परिचालन कार्यविधि २०७९


# आ.व. २०७९/०८० मा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP Pilot) अर्न्तगत सम्पन्न भएका आयोजनाहरु

| क्र. स. | आयोजनाको नाम, ठेगाना | लाभान्वित घरधूरी | लागत अनुमान | वास्तविक खर्च | | | भौतिक प्रगति | कैफियत ( कार्यान्वयन पद्धति) |
|---|---|---|---|---|---|---|---|---|
| | | | | जम्मा | पालिकाको सहलगानी | LISP सहलगानी | | |
| १ | गिठ्याना देखि सिस्यासम्म सिंचाई आयोजना, ताँजाकोट १ | ३६ | ४०००१२०।७३ | ३९३७६३१।५१ | १४३७५१०।७८ | २५००१२०।७३ | १२ हेक्टर खेतियोग्य जमिन घेराबार (५५० मि.) | उपभोक्ता समिति |
| २ | पुम बौल्याना फलफूल खेती तथा सिचाई पोखरी निर्माण आयोजना, ताँजाकोट १ | ३२ | २५३५६१७।७० | २४९८२६९।१९ | १२१२६५१।४९ | १२८५६१७।७० | ७.५ हेक्टर खेतियोग्य जमिन घेराबार (३३५ मि.) | उपभोक्ता समिति |
| ३ | स्यालधारा भट्टे फलफूल खेती तथा सिचाई पोखरी निर्माण , ताँजाकोट २ | ७३ | ५०५०१४९।३३ | ५०३९१४५।६३ | २२३८९९६।३० | २८००१४९।३३ | ११ हेक्टर खेतियोग्य जमिन घेराबार (८०० मि.) | उपभोक्ता समिति |
| ४ | ठूलाखोला बदेलचौर मेलपानी स्याउ खेती तथा सिचाई पोखरी निर्माण आयोजना, ताँजाकोट ३ | ७७ | ५०००२३१।८२ | ४९५१००३।७६ | १८५०७७१।९४ | ३१००२३१।८२ | १३ हेक्टर खेतियोग्य जमिन घेराबार (८०० मि.) | उपभोक्ता समिति |
| ५ | गुम्च ढाडकुरिल्ला सामुदायिक स्याउ खेती तथा सिचाई पोखरी निर्माण आयोजना, ताँजाकोट ५ | ४७ | ३०००३८३।९३ | २९६७५३५।४४ | १४६७१५१।५१ | १५००३८३।९३ | ८ हेक्टर खेतियोग्य जमिन घेराबार (४५० मि.) | उपभोक्ता समिति |
| | **जम्मा** | **२६५** | **१९५८६५०३।५१** | **१९३९३५८५।५३** | **८२०७०८२।०२** | **१११८६५०३।५१** | | |

# LISP Pilot मा लाभग्राहीको लैंगिक, जातिगत तथा सिमान्तकृत विवरण (आ.व. २०७९/०८०)



# आ. व. २०८०/०८१ म पालिकाको वित्तिय समानिकरण अनुदानको विवरण

- **कुल प्राप्त वित्तिय समानिकरण अनुदानः रु. ६,९२,००,०००**

- **वित्तिय समानिकरण अनुदान मध्ये चालु तथा अन्य विषयगत क्षेत्रः रु. २,७५,००,०००**

- **वित्तिय समानिकरण अनुदान मध्ये पूजिगतः रु. ४,१७,००,०००**
  - स्थानिय पूर्वाधार सहयोग कार्यक्रम : रु. २,८२,००,०००
  - विभिन्न आयोजनासँग समपुरक अनुदान : रु. ५०,००,०००
  - गत वर्षको दायित्व : रु. ८५,००,०००

# यस आ.व. २०८०/०८१ मा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP transition/Initial Implementation) अन्तर्गत छनौट भई कार्यान्वयन भएका आयोजनाहरु

| क्र. सं. | आयोजनाको नाम | लाभान्वित घरधुरी | लागत साझेदारी | | | कैफियत (कार्यान्वयन पद्धति-:यमबष्तिथ० |
|---|---|---|---|---|---|---|
| | | | पालिकाको सह-लगानी | LISP सह-लगानी | जम्मा | |
| १ | वडा नं. १ खानेपानी निर्माण आयोजना | ९० | ५000000 | ८२00000 | १३२00000 | उपभोक्ता समिति |
| २. | सियाला टिमुर, कागती तथा ओखर खेति तथा सिचाई पोखरी निर्माण आयोजना, | १७३ | ५000000 | ५५00000 | १0५00000 | उपभोक्ता समिति |
| ३ | जैराम खोपा पलौ फलफूल खेती तथा सिचाई पोखरी निर्माण आयोजना, | १७७ | ५000000 | ४८00000 | ९८00000 | उपभोक्ता समिति |
| ४ | पालिका केन्द्र नयाँ बस्ती खानेपानी निर्माण आयोजना, | ५0 | २२00000 | ३५00000 | ५७00000 | उपभोक्ता समिति |
| ५ | पैमा सिचाई कुलो निर्माण आयोजना | ८0 | १५00000 | १0१७६000 | ११६७६000 | उपभोक्ता समिति |
| ६ | तुलधारा कोईराला फलफूल खेती तथा सिचाई आयोजना, | ८६ | ४000000 | २२00000 | ६२00000 | उपभोक्ता समिति |
| ७ | चिही कृषि तथा फलफूल खेती तथा सिचाई पोखरी निर्माण आयोजना, | ८0 | २५00000 | ४२00000 | ६७00000 | उपभोक्ता समिति |
| ८ | गुम्च ढाँडकुरिल्ला सामुदायिक स्याउ खेती तथा सिचाई पोखरी निर्माण आयोजना | १0२ | ३000000 | ३४00000 | ६४00000 | उपभोक्ता समिति |
| | जम्मा | ८३८ | २८२00000 | ४१९७६000 | ७0१७६000 | |

# यस आ.व. २०८०/०८१ मा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP transition/Initial Implementation) अन्तर्गत संचालित आयोजनाहरुमा लाभग्राहीको विवरण

| क्र. सं. | आयोजनाको नाम र स्थान | लाभान्वित घरधुरी | | | सिमान्तकृत घरधुरी | | |
|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | % महिला | पुरुष | महिला | % सिमान्तकृत |
| १ | वडा नं. १ खानेपानी निर्माण आयोजना | ४७ | ४३ | ४७.७७ | १ | ० | ०.०१ |
| २. | सियाला टिमुर, कागती तथा ओखर खेति तथा सिचाई पोखरी निर्माण आयोजना, | १०४ | ६९ | ३९.८८ | ३३ | १७ | २८.९० |
| ३ | जैराम खोपा पलौ फलफूल खेती तथा सिचाई पोखरी निर्माण आयोजना, | ८६ | ९१ | ५१.४१ | २७ | ३४ | ३४.४६ |
| ४ | पालिका केन्द्र नयाँ बस्ती खानेपानी निर्माण आयोजना, | २५ | २५ | ५० | १३ | ११ | ४८ |
| ५ | पैमा सिचाई कुलो निर्माण आयोजना | ४८ | ३२ | ४० | ५ | २ | ८.७५ |
| ६ | तुलधारा कोईराला फलफूल खेती तथा सिचाई आयोजना, | ४५ | ४१ | ४७.६७ | २८ | २४ | ६०.४६ |
| ७ | चिही कृषि तथा फलफूल खेती तथा सिचाई पोखरी निर्माण आयोजना, | ४५ | ३५ | ४३.७५ | ४५ | ३५ | १०० |
| ८ | गुम्च ढाँडकुरिल्ला सामुदायिक स्याउ खेती तथा सिचाई पोखरी निर्माण आयोजना | ४८ | ५४ | ५२.९४ | ४८ | ५४ | १०० |
| | **जम्मा** | ४४८ | ३९० | ४६.५३ | १८० | १५९ | ४०.४५ |

**नोट : पालिका केन्द्र नयाँ बस्ती खानेपानी निर्माण आयोजना, ताँजाकोट ३, को लागत अनुमान र उपभोक्ता समिति निर्माण कार्य अन्तिम चरणमा रहेको**

# यस आ.व. २०८०/०८१ मा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP transition/Initial Implementation) अन्तर्गत संचालित आयोजनाहरुमा उपभोक्ता समितिका पदाधिकारीको अवस्था

| क्र. सं. | आयोजनाको नाम र स्थान | लैंगिक सहभागिता | | | सिमान्तकृत सहभागिता | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | % सिमान्तकृत | |
| १ | वडा नं. १ खानेपानी निर्माण आयोजना | ४ | ३ | ७ | १ | ० | १४.२८ | |
| २. | सियाला टिमुर, कागती तथा ओखर खेति तथा सिचाई पोखरी निर्माण आयोजना, | ५ | ४ | ९ | २ | २ | ४४.४४ | |
| ३ | जैराम खोपा पलौ फलफूल खेती तथा सिचाई पोखरी निर्माण आयोजना, | ६ | ३ | ९ | १ | २ | ३३.३३ | |
| ४ | पालिका केन्द्र नयाँ बस्ती खानेपानी निर्माण आयोजना, | | | | | | | उ.स. गठनको प्रक्रियामा |
| ५ | पैमा सिचाई कुलो निर्माण आयोजना | ३ | ४ | ७ | १ | ० | १४.२८ | |
| ६ | तुलधारा कोईराला फलफूल खेती तथा सिचाई आयोजना, | ३ | ४ | ७ | ३ | १ | ५७.१४ | |
| ७ | चिही कृषि तथा फलफूल खेती तथा सिचाई पोखरी निर्माण आयोजना, | ३ | ४ | ७ | ३ | ४ | १०० | |
| ८ | गुम्च ढाँडकुरिल्ला सामुदायिक स्याउ खेती तथा सिचाई पोखरी निर्माण आयोजना | ३ | ४ | ७ | ३ | ४ | १०० | |
| | जम्मा | २७ | २६ | ५३ | १४ | १३ | ५०.९४ | |

# स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP transition/Initial Implementation) अन्तर्गत लाभान्वित हुने घरधुरीको जातिगत विश्लेषण

| क्र. सं. | आयोजनाको नाम | लाभान्वित घरधुरी | | | | |
|---|---|---|---|---|---|---|
| | | दलित | जनजाति | बाहुन/क्षेत्री | अन्य (ठकुरी) | जम्मा |
| १ | वडा नं. १ खानेपानी निर्माण आयोजना | १ | ० | ९९ | ० | १०० |
| २. | सियाला टिमुर, कागती तथा ओखर खेति तथा सिचाई पोखरी निर्माण आयोजना, | ५० | ० | १२३ | ० | १७३ |
| ३ | जैराम खोपा पलौ फलफूल खेती तथा सिचाई पोखरी निर्माण आयोजना, | ० | ० | ४ | ११७ | १२१ |
| ४ | पालिका केन्द्र नयाँ बस्ती खानेपानी निर्माण आयोजना, | ८५ | ७ | ७८ | १५ | १८५ |
| ५ | पैमा सिचाई कुलो निर्माण आयोजना | १ | ० | १६४ | ० | १६५ |
| ६ | तुलधारा कोईराला फलफूल खेती तथा सिचाई आयोजना, | ५२ | ० | ४६ | १६ | ११४ |
| ७ | चिही कृषि तथा फलफूल खेती तथा सिचाई पोखरी निर्माण आयोजना, | ३५ | १९ | ० | ० | ५४ |
| ८ | गुम्च ढाँडकुरिल्ला सामुदायिक स्याउ खेती तथा सिचाई पोखरी निर्माण आयोजना | ३४ | ७४ | ० | ० | १०८ |
| | **जम्मा** | **२५८** | **१००** | **५१४** | **१४८** | **१०२०** |

# कार्यक्रमको उपलब्धिहरु

## स्थानीय पूर्वाधार विकासको क्षेत्रमा

- **हरित पुर्नलाभ, उत्थानशिल तथा समावेशी विकासका आयोजनाहरुको तर्जुमा सिमान्तकृत समुदायका महिला, अपांगता भएका व्यक्तिको मागका आधारमा गर्ने कार्यको** शुरुवात भएको
- विगतका आ.व. धेरै (३५ वटा) सम्म र साना ७० हजार सम्मका योजना तर्जुमा गर्दै आएकोमा **LISP Pilot पछि ठूला, थोरै र धेरै लाभ दिने आयोजनाको छनौट तथा कार्यान्वयन भएको (८ वटा योजना ६२ लाख देखि १ करोड १५ लाख सम्मका)**
- कार्यक्रम अन्तरगत संचालन भएका सबै आयोजनाहरुको संभाव्यता अध्ययन, वातावरणीय तथा सामाजिक जोखिम प्रभाव मूल्यांकन, आयोजनाहरुको विस्तृत सर्भे, लागत ईस्टिमेट, डिजाईन तयार गरि कार्य संचालन हुने
- स्थानीय **गरीब, बेरोजगार महिला, दलित तथा पिछडिएका घरपरिवारलाई छनौट** गरी निर्माण कार्यमा संलग्न गर्ने गरेको जसले कामका खोजीमा जिल्ला बाहिरिने संख्या घटेको तथा बेरोजगार घरपरिवारको अध्यावधिक गर्ने कार्य भएको
- **स्थानीय श्रोत साधन तथा सीपको अधिकतम प्रयोग तथा परिचालन** भईरहेको
- छनौट भएका **विपन्न तथा बेरोजगार कामदारहरुको भेलाबाट उपभोक्ता समितिको गठन** तथा परिचालन गर्ने गरेको
- कामदार तथा उपभोक्ता समितिलाई **निर्माण पूर्व तथा निर्माण पश्चात अभिमूखिकरण तथा तालिमको** व्यवस्था गर्ने गरेको
- **लाभग्राहीको सुरक्षाका लागि सामुहीक दुर्घटना विमा, सुरक्षण सामाग्री** जस्तै : हेल्मेट, पन्जा, गमबुट, चश्मा आदिको प्रयोगले कामदारको सुरक्षा तथा संरक्षणमा गर्ने गरेको
- **विद्युतिय प्रणालीबाट बाह्य निर्माण सामाग्रीको खरिद हुदाँ प्रभावकारी, पारदर्शि, तथा गुणस्तरिय सामाग्रीको** प्रयोग भएको
- कामको परिमाणका आधारमा कामदारको **ज्याला रकम सिधै बैंक खातामा जम्मा गरिदिने हुदाँ कार्यक्रम प्रतिको विश्वास** बढेको
- **आयोजना सूचना पाटी, आयोजना किताब, हाजिरी व्यवस्थापन** आदि निर्माण स्थलमा प्रवन्ध भएको

**क्रमश..........**

## क्षमता विकासको क्षेत्रमा

- स्थानीय पूर्वाधार विकाससँग सम्बन्धित विभिन्न कार्यविधिहरु जस्तै : ***स्थानीय पूर्वाधार विकास आयोजना व्यवस्थापन कार्यविधि २०७९, मर्मत तथा संभार कोष संचालन कार्यविधि २०७९, अनुगमन तथा सुपरीवेक्षण चेक लिस्ट २०७९, वातावरणीय तथा सामाजिक जोखिम प्रभाव मूल्यांकन दिग्दर्शन २०७९, निर्माण पूर्व तथा पश्चात अभिमूखीकरण पुस्तिका ( उपभोक्ता समितिलाई), गुनासो तथा सुझाव व्यवस्थापन कार्यविधि २०७९, टोल विकास संस्थाको गठन तथा परिचालन कार्यविधि २०७९*** निर्माण गर्न पालिकाको क्षमता विकास, उत्प्रेरणा तथा सहजिकरणले **स्थानीय तहको संस्थागत विकासमा सहयोग भएको जसले योजना तर्जुमा तथा कार्यान्वयन सुधारिएको विधि अनुसार संचालन भएको छ**
- **स्थानीय पूर्वाधार विकास आयोजनाको तर्जुमा, संचालन/व्यवस्थापन, अनुगमन मूल्यांकन आदिको क्षेत्रमा** कर्मचारी तथा जनप्रतिनिधिहरुलाई **क्षमता विकास** भएको ,
- उपभोक्ता तथा लाभग्राहीलाई **निर्माण कार्य पूर्व तथा निर्माण पश्चात** तालिमका साथै मर्मत संभार योजना बनाई आयोजना कार्यान्वयन तथा मर्मत संभार गर्ने गरिएको
- स्थानीय स्तरमा **मर्मत संभार कोषको स्थापनामा पालिकाको क्षमता विकास गरि आयोजनाको मर्मत संभारको गर्ने परिपाटीको शुरुवात भएको (गत आ.व. मा मोटरबाटो मर्मत गर्नका लागि रु. २८,००,००० खर्च गरिएको र र यस आ.व. मा रु. ३८,००,००० बजेट बिनियोजन गरिएको)**
- स्थानीय पूर्वाधार सहयोग कार्यक्रम सम्बन्धी पालिकाको वेव साईटमा **LISP पेज निर्माण** हुदाँ कार्यक्रमका गतिविधिहरुको सूचना तथा जानकारी संप्रेशणमा सहयोग पुगेको https://tajakotmun.gov.np

# स्थानीय तह तथा लाभग्राहीको अनुभव, सिकाई तथा धारणा

## स्थानीय तह

- स्थानीय पूर्वाधार सहयोग कार्यक्रम अन्तरगत संचालन भएको आयोजनाहरुमा स्थानीय ***श्रोत साधनको उच्चतम प्रयोग भई परिमाण तथा परिणामको सुनिश्चित*** भएको
- उपभोक्ता समिति गठन सर्वसहमतिमा कामदारहरु माफबाटै हुने र विशुद्ध निर्माण कार्य संचालन गर्ने गराउने भूमिका
- विद्युतिय खरिद प्रणालीबाट ***वाह्य निर्माण सामग्री लगायत सम्पूर्ण खरिद तथा*** कामदारहरुको ***ज्याला रकम सोफैं कामदारहरुको खातामा जम्मा*** गरिदिदाँ ***पारदर्शिता तथा प्रभावकारीता आएको***
- कामदारहरुको ***सामुहिक दुर्घटना बिमाका , सुरक्षण सामाग्रीको खरिद, वितरण तथा प्रयोगले आयोजना प्रतिको आर्कषण बढेको तथा कामदारको सुरक्षामा सहयोग गरेको***
- सहलगानीका साथमा योजना तर्जुमा, कार्यान्वयन, व्यवस्थापन, प्राविधिक सर्भे, लागत अनुमान तयार, कामको नाप जाँच, अनुगमन तथा मूल्यांकनका साथै मर्मत संभार कार्यमा समेत प्राविधिक सहायता हुने हुदाँ ***प्रभावकारी र पारदर्शि*** भएको
- मर्मत संभार समितिको गठन तथा मर्मत संभार योजना बन्ने भएकोले आयोजनाको निरन्तरता तथा दीगो हुने गरेको

## लाभग्राहीहरु

- स्थानीय ***गरीब, बेरोजगार महिला, दलित तथा पिछडिएका घरपरिवारलाई छनौट*** गरी कामको अवसरले खुसी आएको साथै कामको खोजिमा जिल्ला बाहिर जानु नपरेको
- कामको परिमाणका आधारमा ***ज्याला रकम सिधै बैंक खातामा जम्मा गरिदिने हुदाँ कार्यक्रम प्रतिको विश्वास*** बढेको
- निर्माण सामाग्रीको स्थानीय तहले खरीद गरिदिदा ***समयमा गुणस्तरिय सामग्री उपलब्ध*** भएको
- कामदारको सुरक्षाको लागि ***सुरक्षाका सामाग्रीहरु तथा हाते औजार*** उपलब्ध गराउदा काम प्रतिको आर्कषण बढेको

# कार्यक्रमका मुख्य असल अभ्यासहरु

- पिछिएको क्षेत्र तथा वर्गलाई लक्षित गरि **स्थानीय पूर्वाधार विकासका आयोजनाको छनौट तथा कार्यान्वयन** जस्तै **चिहि तथा गुम्च फलफुल खेतीमा १८२ सिमान्तकृत घरधुरीहरु (सबै) को सहभागिता**
- **विपन्नता तथा गरिबीको आधारमा बेरोजगार घरपरिवारको प्राथमिकिकरण र कामका लागि** सिफारिस
- **वडा कार्यालयले समावेशी उपभोक्ता समितिको गठन तथा परिचालन गराउने**
- कामदारको सुरक्षाका लागि **सामुहिक दुर्घटना बिमा, सुरक्षण सामाग्रीको** प्रयोग
- **विद्युतिय प्रणालीबाट बाह्य सामाग्रीको खरिद** तथा सामाग्रीको चेक जाँच
- कामको परिमाण अनुसार **ज्याला रकम कामदारको खातामा सिधै भुक्तानी**
- उपभोक्ता समिति तथा कामदारलाई **निर्माण पूर्व तथा निर्माण पश्चात तालिम तथा अभिमूखिकरण**
- आयोजना **सूँचना पाटी, आयोजना किताब, हाजिरी** व्यवस्थापन
- आयोजनाको गुणस्तरका लागि **नियमति सुपरिवेक्षण तथा प्राविधिक अनुगमन फारामको प्रयोग** जस्ता विधिहरुको प्रयोग गरिएको
- सार्वजनिक वित्त व्यवस्थाका लागि **सूत्र प्रणालीबाट भूक्तानी तथा खर्चका साथै लेखा परिक्षण** गर्ने गरिएको
- कृषि तथा फलफूलसँग सम्बन्धित आयोजनामा **व्यवसायीक योजना तयार** गरि खेती गरिएको
- आयोजनाहरुको **व्यवस्थित मर्मत संभार योजना तथा मर्मत संभार कोषको व्यवस्थापन** गरिएको
- सम्पूर्ण स्थानीय पूर्वाधार विकास निर्माण आयोजनाको समग्र कार्यान्वयनमा गाउँपालिकालाई LISP Transition/Initial Phase TA team ले **सल्लाहकारको भूमिका निर्वाह प्राबिधिक सहयोग** उपलब्ध गर्दै आएको

# कार्यक्रमको प्रभाव

- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनले निर्देश गरे बमोजिम आयोजना छनौट प्रक्रियाको शुरुवात भएको तथा टुक्रे आयोजनाहरु छनौट गर्ने प्रक्रियाको करीब अन्त्य भएको
- गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, खाद्यन्न उत्पादन तथा खाद्य सुरक्षामा टेवा पुऱ्याउने, छिटो प्रतिफल प्राप्त हुने, तथा स्थानीय स्तरमा रोजगारी सृजना हुने आयोजनाको छनौट र कार्यान्वयन भएको
- महिला, दलित, जनजाति, पिछडिएको क्षेत्रलाई मुख्य प्राथमिकतामा राखी आयोजनाहरुको छनौट तथा कार्यान्वयन गरिएको
- जलवायु परिवर्तनको असर न्यूनिकरण तथा वातावरणि अनुकुलनका आयोजनाहरुलाई प्राथमिकतामा राखी कार्यान्वयन गरिएको
- सजिलै लागत सहभागिता जुट्ने, स्थानीय स्रोत, साधन र सिपहरुको प्रयोग तथा अधिकतम परिचालन हुने आयोजना छनौट तथा कार्यान्वयन भएको
- स्थानीय स्तर मै श्रममा आधारित रोजगारीका सृजनाले कामको लागि अन्यत्र जाने क्रमको कमि तथा सामाजिक संरक्षणको प्रत्याभूति भएको
- विकास निर्माण कार्यमा महिला, सिमान्तकृत समुदायको सहभागिता भएको साथै उपभोक्ता समितिहरुमा महिलाको सहभागिता बृद्धि भएको

# क्रमश.....

- मर्मत सम्भार कोषको स्थापना, व्यवस्थापन तथा परिचालनको माध्यमबाट आयोजनाको दिगोपना र निरन्तरता गरिएको
- विस्तृत सर्भे, डिजाइन, इस्टिमेट गाउँपालिकाले गर्ने अन्य स्थानीय पूर्वाधार विकासका आयोजनाहरुमा पनि अनुशरण गर्ने गरेको
- LISP Pilot and LISP Initial Implementation को प्रभावकारीताबारे गाउँपालिकाले सार्वजनिक प्रस्तुती तथा बैठकमा अनुभव साट्ने गरेको
- आयोजनाहरुको अनुगमन गर्दा अनुगमन चेकलिष्ट प्रयोग गर्ने गरेको
- आयोजनाको सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण र सार्वजनिक लेखा परीक्षण गर्दा जसले स्थानीय सरकारको जवाफदेहितालाई बृद्धि गरेको छ
- गुनासो तथा सुझाव व्यवस्थापन संयन्त्रको गठन भई गुनासो तथा सुझाव लिने कार्यको शुरुवात गरिएको
- कार्यक्रम कार्यान्वयले आर्थिक तथा प्राविधिक सुशासन ल्याउनका साथै व्यवस्थित डकुमेन्टेशनले LISA /FRA को अंक बृद्धि गर्न सहयोग गरेको


# कार्यक्रमका सन्दर्भमा हाम्रो अपेक्षा


गाउँपालिका कै एक उदहरणिय तथा प्रभावकारी कार्यक्रमको रुपमा कार्यान्वयन भएकोले यसको निरन्तरता भईदिए यहाँका विपन्न तथा बेरोजगार महिला, दलित, जनजातीका घरधुरीहरु कामको लागि वर्षेनी भारत जानु पर्ने थिएन

गाउँपालिकामा संघिय सरकार तथा प्रदेश सरकारबाट आउने अनुदान रकम घट्दो क्रममा रहेको र गाउँपालिकाको आन्तरिक आयश्रोत नभएको अवस्थामा हरित विकास निर्माण तथा रोजगारीमा यस कार्यक्रमबाट प्राप्त हुने सहलगानीले महत्वपूर्ण भूमिका निर्वाह गरेकोले यसको निरन्तरता अपरिहार्य छ

प्राविधिक सहायता टोलीले गाउँपालिका क्षमता विकास तथा संस्थागत विकासमा टेवा पुचाउदै आएकाले भविष्यमा यसको सहायताले थप उर्जा प्रदान गर्ने छ


# नमूना कागजातहरुको विवरण














# गत आ.व. मा संचालित कार्यक्रमको फोटोहरु





# गत आ.व. मा संचालित कार्यक्रमको फोटोहरु





# गत आ.व. मा संचालित कार्यक्रमको फोटोहरु












**यस आ.व. मा संचालित कार्यक्रमको फोटोहरु**






# यस आ.व. मा संचालित कार्यक्रमको फोटोहरु











यस आ.व.
मा संचालित
कार्यक्रमको
फोटोहरु

# तपाईहरुको केही प्रश्न तथा जिज्ञासा भए ?